त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. .....

मितिः २०८३/०८/०१

दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) प्रथम सेमेस्टरको सत्रान्त परीक्षाका निमित्त अनलाइन (Online) फाराम भर्ने सम्बन्धी जरुरी सूचना !

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२६ (Batch 2026) **को पहिलो सेमेस्टरको नियमित** तथा आंशिक परीक्षार्थीहरूको सत्रान्त परीक्षा २०८३ साल पौष दोस्रो हप्ताबाट सञ्चालन हुने भएको हुँदा सम्बन्धित सबै विद्यार्थीहरूलाई २०८३ साल मंसिर १० गतेदेखि पौष १ गतेसम्म अनलाइन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ ।

विद्यार्थीद्वारा आफू अध्ययनरत विभागको नाम उल्लेख गरी https://exam.tufohss.edu.np **मार्फत अनलाइन परीक्षा फाराम भर्न सकिने छ ।** म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै **कारबाही हुने छैन । यस सम्बन्धी** अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

- **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८३ साल मंसिर १० गतेदेखि पौष १ गते राती १२:०० **बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८३ साल पौष ०६ गते राती १२:०० बजेसम्म ।**
- **परीक्षा दस्तुर :** नियमित परीक्षार्थीहरूका लागि रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) **र आंशिक परीक्षार्थीहरूले** रू. ५०००/- (विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा E-Sewa अथवा Khalti मार्फत फाराम दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ) ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको **शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग** भर्नुपर्नेछ । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभागमा सम्पर्क राख्नुपर्ने छ ।
- परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेशन नं. अनिवार्यरूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेशन नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- अनलाइन परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो **र फाराममा** तोकिएको ठाउँमा दस्तखत Upload गर्नुपर्ने छ ।
- सम्बन्धित विभागले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका अनलाइन परीक्षा फाराम २०८३ साल पौष ०२ गतेभित्र र दोब्बर दस्तुरको हकमा पौष ०७ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ ।

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. .....

- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८३ साल पौष ७ पछि सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् र उक्त प्रवेशपत्र कलर प्रिन्ट गरी तथा सम्बन्धित क्याम्पस/विभागहरूको छाप अनिवार्य रूपमा लगाइ परीक्षा अवधि भर आफ्नो साथमा राख्नु पर्नेछ ।
- **सम्बन्धित क्याम्पस**/विभागहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण परीक्षा फाराममा अनलाइन मार्फत भरी पठाउनु पर्नेछ ।

.....
डा. चिरञ्जीवी आचार्य
सहायक डीन

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोन: +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np